# Jorayal Rural Municipality

**Office of the Rural Municipal Executive**

**Sudur Paschim Province, Nepal**

**Rautkatte,Doti**

जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रावतकट्टे, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

# BIDDING DOCUMENT

## प्राकृतिक श्रोत ठेक्कामा दिने सम्बन्धि सुचना (ढुंगा, गिट्टी र बालुवा)

**ठेक्का न.:01/JRM/2080/081**

**खोलाको नाम :**

**१. कर्नासी नदी**
**२. कुम्भ्रेलि गाड**
**३. साड़गडी गाड**
**४. कोटेलि नदी**

Issued by:

Jorayal Rural Municipality
Office of the Rural Municipal Executive
Sudurpaschim Province, Nepal
Rautkatte,Doti

**जोरायल गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

रावतकट्टे,डोटी

**ठेक्का नं.- 01/JRM/2080/081**

**विषयः- नदी जन्य प्रदार्थको बिक्री शुल्क संकंलनका लागि बोलपत्र आव्हान सम्बन्धि सूचना।**

दोश्रो **पटक प्रकाशित मितिः २०८०/०९/०६**

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रतिच्छेद ९ को दफा ६२(क) अनुसार यस यस जोरायल गाउँपालिकाले आफ्नो क्षेत्रभित्र भएर बग्ने IEE गरेको र घाटगद्दी तोकिएका नदी खोलाहरुबाट गिट्टी,बालुवा,भरान,ग्राभेल आदिको कुल संकलन घन मि. २१५०० मात्र (बिक्रि प्रति घन मि. रु. १०५।९४ भ्याट बाहेक) नदी जन्य पदार्थको (स्थानीय निर्माण सामग्री) बिक्री गर्न सक्ने प्रावधान बमोजिम आ.ब. ०८०/०८१ का लागि गाउँसभाबाट तोकिएको दररेट बमोजिम रोयल्टी संकलन गर्न चाहने ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुको जानकारीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रही १५ दिने सिलबन्दी बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिलकाशर्तहरू</u>

१. न्युनतम ठेक अंक २२,७७,७१० भ्याट बाहेक (अक्षरुपी बाईस लाख सतहत्तर हजार सात सय दश मात्र) कायम गरिएको छ ।

२. ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले २०८१ जेष्ठ मसान्त सम्म मात्र कायम गरिनेछ ।

३. तोकिएको घाटगद्दी स्थानको सिमा रेखाभन्दा बाहिर गई रोयल्टी संकलन गर्न पाईने छैन, तोकिएको सिमाभन्दा बाहिर गई रोयल्टी असुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

४. बोलपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरुले बोलपत्र खरिद वापतको रकम कृषि विकास बैङ्क जोरायल शाखामा यस कार्यालयको नाममा रहेको अन्तरिक राजश्व खाता न. ०८२७१०१३४६८३६१०६ मा नगद रू. ३००० (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

५. बोलपत्र १६ औ दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ र सोहि दिनको २:०० बजे खोलिने हुँदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ ।

७. बोलपत्र दर्ता गर्दा बोलपत्र वालाले आफुले कबोल गरेको ठेक्का अंकको ५% रकम यस कृषि विकास बैङ्कस्थित धरौटी खाता (हि.न. ०८२७१०१३४६८३६०५१) मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ छ । भौचर वा सो रकम बराबर को १२० म्याद भएको "क" वर्ग को बैंक जमानत पत्र पेश गर्नुपर्ने छ ।

८. ठेक्का स्वीकृत भएपछि सम्झौता गर्न आउदा ठेक्का रकमलाई ३ किस्ता गरी सो मध्य प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको हकमा नेपाल राष्ट्र बैंक बाट स्वीकृति प्राप्त कृषि विकास बैंकबाट जारी गरिएको २०८१ अषाढ मसान्त सम्म म्याद भएको कार्य सम्पादन जमानत (**performance Bond**) पेश गर्नु पर्नेछ ।

९. ठेक्काको किस्ता रकम तिन किस्तामा बुझाउनु पर्नेछ । जसमा पहिलो किस्ता सम्झौताका बखत,दोश्रो किस्ता माघ मसान्त र तेश्रो किस्ता जेष्ठ मसान्त भित्र बुझाउनु पर्नेछ । तोकिएको अवधि भित्र रकम दाखिला नगरेमा बैंक जमानत पत्रबाट असुल उपर गरिनेछ।

१०. बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन ।

११. यस शर्तमा लेखेका कुराहरु यसै बमोजिम र छुटेका कुराहरु बोलपत्र फाराममा उल्लेखित शर्तहरु,यस गाउँपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, ढुंगा,गिट्टी,बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन मापदण्ड २०७७, स्थानीय सरकार संचालन ऐन २०७४,गाउँ सभाले स्वीकृत गरेको आर्थिक ऐन २०८० र प्रचलित कानुन बमोजिम हुनेछ । साथै कार्यगत शर्तका बिबरणहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१२. स्वीकृत कार्य बिबरण बमोजिम चार स्थानका नदी घाट कभरेजबाट बालुवा गिट्टी र ग्राभेल उत्खनन परिमाण अधिकतम २१५०० घन मिटर मात्र हुनु पर्नेछ । स्वीकृत परिमाण र तोकिएको बमोजिमको नदी घाट कभरेज भन्दा बाहिर गएर संकलन,उत्खनन घाटगद्दी र बिक्रि गर्न पाईने छैन ।

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

१३. यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरुजु उल्लेख भएका फर्म वा कम्पनीहरुले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीबाट आफ्नो बेरुजु बिबरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सुचित गरिन्छ ।

१४. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१५. यो सूचना गाउँपालिकाको वेभसाइट www.jorayalmun.gov.np बाट समेत हेर्न सकिनेछ ।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

.....................
प्रमुख प्रशासकीय अधिकृत

# प्राकृतिक श्रोत उपयोग सम्बन्धि ठेक्का कार्यको टेन्डर फाराम

जोरायल गाउँपालिकाको कार्यालयको प्राकृतिक श्रोतकर संकलन गर्ने कार्यको ठेक्का ।

| सि. न. | नदीको नाम | कुल संकलन (घन मिटर) | न्युनतम ठेक्का रकम | कबोल रकम | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | | |
| १. | कर्नासी नदी<br>कुम्भेलि गाड<br>साइगडी गाड<br>कोटेलि नदी | २१,५००।०० | २२,७७,७१०।०० | | | | |

दस्तखत:

ब्यत्ति वा संस्थाको नाम: हालको ठेगाना:

सम्पर्क न.:

नागकिता न.: संस्थाको छाप: